अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।१७ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला प्रहरी कार्यालय, सिन्धुली सञ्चार शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक श्याम कुमार गिरी भनिने कुमार गिरीले सेवा प्रवेश गर्दा पेस गरेको एस.एल.सी. तहको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज कुमार गिरीले बिहार संस्कृत शिक्षा बोर्ड पटनाबाट जारी भएको मध्यमा तह (SLC सरह) को झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेस गरी नेपाल प्रहरी सेवामा प्रहरी जवान पदमा मिति २०५७।११।११ सुरु भर्ना भई हाल पदोन्नतिसमेत भई प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा जिल्ला प्रहरी कार्यालय, सिन्धुली दरबन्दी भई प्रहरी चौकी ग्यालटार, सिन्धुलीको इन्चार्जको रुपमा कार्यरत रहेको देखिन आएबाट निज कुमार गिरीले झुट्टा प्रमाण-पत्र पेस गरी लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल